वैठक नं २४

आज मिति २०८२।०३।०४ गते बुधवारका दिन उच्च सरकारी वकील कार्यालय, तुलसीपुरमा कार्यरत देहायका कर्मचारीहरुको उपस्थितिमा कार्यालयको काम कारबाही प्रभावकारी बनाउन कर्मचारी वैठक बसेर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

१. निमित्त सहन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

२. सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोका (के.सी.)

३. सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी

४. लेखापाल श्री कमला रावत

५. नायव सुब्बा श्री किरणकुमार जैशी

६. नायव सुब्बा श्री गोविन्द थापा

७. नायव सुब्बा श्री सुमानकुमार चौधरी

८. खरिदार श्री पब्रिनप्रसाद

९. खरिदार श्री सनि कक्रेल

१०. सहायक कम्प्यूटर अपरेटर श्री दिक्षा गुरुङ्ग

११. हलुका सवारी चालक श्री पर्शुनन्दन चौधरी

१२. कार्यालय सहयोगी श्री बुद्धिराज चौधरी

१३. कार्यालय सहयोगी श्री रिता रिजाल

१४. कार्यालय सहयोगी श्री महेश चौधरी

१५. कार्यालय सहयोगी श्री दिपेश वली

छलफलका विषयहरु

१. मुद्दाको मिसिल चेकजाँच नियमित मासिक रुपमा गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

२. कार्यालयको आ आफ्नो कोठाको एसी, पावर सर्किट, वत्ति र पंखा कार्यालय कोठा भन्दा बाहिर जाँदा निभाएर जाने।

निर्णयहरु:

१. प्रस्ताव नं १ उपर छलफल गर्दा यस कार्यालयको मुद्दा तथा रिट शाखामा रहेका मिसिलहरुको सहायक न्यायाधिवक्ता श्री टिकाकुमारी रोक्का (के.सी.), सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी र शाखाका कर्मचारीहरुले प्रत्येक महिनाको सात गते भित्र मिसिल चेकजाँच गरी फैसला भएको तीन महिना भित्र मिसिल प्राप्त नभएको भए सम्बन्धित अदालतमा समन्वय गरी फैसला तयार भए नभएको यकिन गरी फैसला प्राप्तिका लागि ताकेता गर्ने, उच्च अदालतबाट फैसला प्राप्त भएका पुनरावेदन/दोपा कारवाही गर्नुपर्ने मुद्दाहरु यकिन गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने। निवेदन र रिटको अन्तिम आदेश प्राप्त नभएको भए तत्काल प्राप्त गर्ने ब्यवस्थाका लागि उच्च अदालतमा समन्वय गर्ने । मुद्दाको फैसला तथा निवेदन र रिटमा भएको अन्तिम आदेशको विवरणको संख्या तथा प्राप्त नभएका फैसला, निवेदन र आदेशको विवरण कार्यालय प्रमुख समक्ष पेश गर्ने । मिसिलमा सम्बन्धित कागजातहरु प्राप्त नभएको भए अपडेट गर्न लगाउने । प्रत्येक महिना फाँटको काम कारबाहीको संक्षिप्त प्रतिवेदन कार्यालय प्रमुख समक्ष लिखित र उपन्यायाधिवक्ताहरुलाई डिजिटल प्रति पेश गर्ने ।

२. प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा कार्यालयमा कार्यरत कर्मचारीहरुले कार्यालयको आ आफ्नो कोठाको पावर सर्किट, वत्ति र पंखा कार्यालय कोठा भन्दा बाहिर जाँदा निभाएर जाने कार्य प्रत्येक कर्मचारीले अनिवार्य रुपमा गर्ने निर्णय गरियो।

निमित्त सह-न्यायाधिवक्ता